संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - २ र ३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल भदौ २५ गते शुक्रबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरु लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयमा जवाफ आइसकेको र उक्त विषय सर्वोच्च अदालतमा समेत विचाराधीन रहेकोले पटक पटक सोही विषय उठाइरहनु वाञ्छनीय नभएको साथै सदनमा अन्य मा० सदस्यहरुले बाढी पहिरो लगायत जनजिविका र अन्य विविध समस्याका सम्बन्धमा समेत बोल्न खोज्नुभएकोले बैठक सञ्चालनमा सहयोग गर्न अनुरोध गर्नुभयो ।

मा० सदस्यहरुको नाराको बीचमा नै सम्माननीय सभामुखले यस बैठकमा उठाइएका विषयहरुका सम्बन्धमा नेपालको संविधानको धारा १०५ ले अदालतमा विचाराधीन मुद्दाहरुको सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषयमाथि संघीय संसदको कुनै सदनमा छलफल गर्न बन्देज गरेको कुरा मा० सदस्यहरुलाई स्मरण गराउनु भयो । त्यसैगरी उहाँले हामी आफैले बनाएको प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरुको कार्यान्वयन समेत गर्ने दायित्व हामीमा नै रहेको व्यहोरा समेत अनुरोध गर्नुभएपनि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मा० सदस्यहरुले नारा लगाउने क्रम नरोकेपछि सम्माननीय सभामुखले बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदुपरान्त बैठक आजै १५ मिनेट पछि बस्नेगरी दिनको १:३० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै १५ मिनेटको लागि स्थगित भएको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:५० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरु लगाउने क्रम शुरु गर्नुभयो ।

तत्पश्चात सभामुखले राष्ट्रका सामु छलफल गर्नुपर्ने धेरै महत्वपूर्ण विषयहरु रहेकोले संसदीय अभ्यासको लामो अनुभव रहेको जिम्मेवार प्रतिपक्षबाट बैठक सञ्चालनमा सहयोग गर्नहुन अनुरोध गर्नुहुँदा पनि मा० सदस्यहरुले नारा लगाउने क्रम रोक्नुभएन ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "आर्थिक अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले प्रमुख प्रतिपक्षीको अवरोध रहेकोले आफ्नो प्रस्ताव प्रस्तुत नगर्ने व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ नियम ९४ को उपनियम (३) बमोजिम कायम रहेको सूचनाका प्रस्तावक मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव प्रस्तुत गर्न नचाहनु भएकोले मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "आर्थिक अध्यादेश, २०७५ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतले स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव प्रस्तुत गर्न सदनमा वातावरण तयार गरियोस् भनी माग गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९५ को उपनियम (४) बमोजिम मा० सदस्यको प्रस्ताव फिर्ता भएको मानिने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तदुपरान्त मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव अस्वीकृत भएकोले मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ९४ को उपनियम (१) बमोजिम मा० श्री प्रेम सुवालबाट "विनियोजन अध्यादेश, २०७८" लाई अस्वीकार गर्ने सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "विनियोजन अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि मा० श्री प्रेम सुवालले पेश गर्नुभएको "विनियोजन अध्यादेश, २०७८ लाई अस्वीकार गरियोस्" भन्ने प्रस्ताव अस्वीकृत भएकोले मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "विनियोजन अध्यादेश, २०७८ लाई स्वीकृत गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त अर्को बैठक आजै १५ मिनेट पछि बस्नेगरी दिनको २:२५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको ३:४५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरु सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरु लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त नाराको बिच मा० अर्थमन्त्री श्री जनार्दन शर्माले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १४९ को उपनियम (१) र (५) बमोजिम "आर्थिक विधेयक, २०७८", "विनियोजन विधेयक, २०७८" र "राष्ट्र ऋण उठाउने विधेयक, २०७८" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले संविधान सभा सदस्यहरु महेन्द्र शेरचन र जुठबहादुर खड्गी (जे.वी. टुहुरे)को निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुँदा सभाबाट पारित भयो ।

शोक प्रस्ताव

(क) "प्रतिनिधि सभाको यो बैठक नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट २०७० सालको संविधान सभामा समानुपातिक तर्फबाट निर्वाचित सदस्य महेन्द्र शेरचनको ६८ वर्षको उमेरमा मिति २०७८ साल भदौ २ गते बुधबार उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक तत्कालिन एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बाट २०७० सालको संविधान सभामा समानुपातिक तर्फबाट निर्वाचित सदस्य, नेपाली जनवादी साङ्गीतिक क्षेत्रका लोकप्रिय कलाकार एवं हाल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेता जुठबहादुर खड्गी (जे.वी. टुहुरे) को ७८ वर्षको उमेरमा मिति २०७८ साल भदौ १० गते बिहीबार काठमाडौं बल्खुस्थित बयोधा अस्पतालमा उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले दिवंगत संविधान सभा सदस्यहरु महेन्द्र शेरचन र जुठबहादुर खड्गी (जे.वी. टुहुरे)को निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर अर्को बैठक २०७८ साल भदौ २७ गते आइतबार दिनको १:०० बजे बस्नेगरी दिनको ४:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव